## कार्यकारी समितिको (मिति २०७४/०२/३० गते मंगलबार ) ६९ औ बैठकका निर्णयहरु ।

१. आ.व. २०७४/७५ देखि निजी आवास पुनर्निर्माण सम्बन्धी अनुदान रकम लाभग्राही संख्याको अनुपातको आधारमा सोझै स्थानीय तहको खातामा शर्त सहित निकासा उपलब्ध गराउने, यसरी निकासा उपलब्ध गराएको रकम स्थानीय तहको पुनर्निर्माण सम्बन्धी छुट्टै खातामा रहने र भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७४ बमोजिम किस्ता भुक्तानी दिने । यसरी प्राप्त भएको अनुदान रकम निजी आवास पुनर्निर्माणमा अपुग भएमा सम्बन्धित स्थानीय तहबाट भुक्तानी दिई शोध भर्ना माग गर्न सम्बन्धित स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरियो ।

२. संलग्न पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी गुनासो व्यवस्थापन कार्यविधि, २०७३ को संशोधन मस्यौदा समितिलाई जानकारी भयो सो मस्यौदामा आवश्यक परिमार्जनसहित अन्तिमरुप दिई आगामी कार्यकारी समितिको बैठकमा गुनासो ब्यवस्थापन कार्य विधिको मस्यौदा तयार गरी पेश गर्न कार्यकारी सदस्य श्री ध्रुव प्रसाद शर्मा संयोजकत्वमा सबै कार्यकारी सदस्यहरु, सदस्य, सहसचिव श्री यमलाल भूषाल सदस्य तथा उपसचिव श्री भीष्मकुमार भूषाल सदस्य सचिव रहेको कार्यटोली गठन गर्ने ।

३. कार्यकारी समिति सदस्य डा. श्री चन्द्र बहादुर श्रेष्ठको संयोजकत्वमा रहेको कार्य टोलीबाट छलफल पश्चात परिमार्जन सहित प्राप्त "भूकम्पवाट प्रभावित गुम्बा / बिहारहरुको संरक्षण, जीर्णोद्वार तथा पुनर्निर्माण सम्बन्धी मस्यौदा कार्यविधि, २०७४ " सहितको प्रतिवेदन समितिलाई जानकारी भयो । यसमा थप अध्ययन गरी आगामी बैठकमा पेश गर्ने ।

४. विविध

क. गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ दफा (९) बमोजिम सिफारिश भई आएको देहाय बमोजिमको पुनर्निर्माणसंग सम्बन्धित परियोजना स्वीकृत गर्ने । सो परियोजना निर्माण / संचालन गर्दा कम्तिमा पुनर्निर्माण सम्बन्धी स्वीकृत मापदण्ड अनुसारका शर्त पालना गर्न लगाउने । Women for Human Rights बाट प्रस्तावित परियोजनाको हकमा रु ५,०००।- बराबरको निर्माण समाग्री भन्ने प्रस्ताव भएकोमा निर्माण समाग्री ( Tools ) मात्र वितरण गर्न अनुमति दिने ।

| क्र.स. | संस्था को नाम | परियोजनाको नाम | कार्यान्वयन स्थान | योजनाको प्रकृति | जम्मा बजेट | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | Asia Onlus | **बिद्यालय भवन निर्माण**<br>१. श्री थन्दुर पा.बि. यार्सा ६ मा ८ कोठे भवन<br>२. श्री आरुखर्क प्र.बि. यार्सा ८ मा ६ कोठे भवन<br>३. श्री दुप्चेश्वरी निमाबि सरमथली ६ मा १० कोठे भवन<br>४. नमुना प्रा.बि. सरमथली ५ मा ५ कोठे भवन | **रसुवा**<br>*१. साविक यार्सा गा.बि.स.*<br>*२. साविक सरमथली गा.बि.स.* | विद्यालय भवन निर्माण | रु. ५,३९,२८,५९९।९९ | ३ बर्ष | RCC wall and roof CGI Sheet |
| २ | Women for Human Rights | १. ५० जना महिलालाई मेसन तालिम र रु. ५,०००/- बराबरको निर्माण सामग्री बितरण | ***गोरखा***<br>*३. गोरखा नगरपालिका*<br>*४. मकैसिंह गा.बि.स.*<br>*५. ताङलीचोक गा.बि.स.*<br>*६. फुजेल गा.बि.स.*<br>*७. घैरुङ गा.बि.स.*<br>*८. बुङकोट गा.बि.स.*<br>*९. नामजुङ गा.बि.स.* | मेसन ट्रेनिङ्ग | रु. ३१,९५,०००।०० | नोभेम्बर २०१७ | |

सचिव

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार, काठमाडौं, २०७२

ख. प्रारम्भिक वातावरणीय परिक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन जाँचबुझ समितिमा प्राधिकरणबाट मनोनित सदस्यहरुलाई बैठक बस्दाको अवस्थामा प्रति बैठक यातायात खर्च रु १,०००।- (एक हजार रुपैया) उपलब्ध गराउने ।

ग. प्राधिकरणको लागि तत्काल आवश्यक रहेको पुरातत्व विज्ञ, आवास विज्ञ, भौगर्भिक विज्ञ र भौतिक पूर्वाधार विज्ञ सहित चार जनासम्मको विशेषज्ञ सेवा लिन भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७३ को दफा १४ (४) र (५) बमोजिमको अधिकार राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको सचिवलाई सोही ऐनको दफा २८ बमोजिम कार्यकारी समितिको अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

सचिव